"समृद्ध छथर निर्माणको आधार, शिक्षा, स्वास्थ्य कृषि, पर्यटन र पूर्वाधार"
छथर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शुक्रबारे, तेह्रथुम
कोशी प्रदेश, नेपाल
फोन नं ०२६-४२००९९

सु.नं. : ७५

## व्यक्तिगत घटना दर्ता सप्ताह अभियान सञ्चालन हुने सम्बन्धी सूचना ।

प्रस्तुत सम्बन्धमा व्यक्तिको कानुनी पहिचान स्थापित गर्न, नीति निर्माण गर्न र राज्यबाट प्रवाह हुने सेवा प्राप्तीको लागि व्यक्तिगत घटना दर्ता महत्वपूर्ण आधारको रुपमा रहेकाले यो अनिवार्य रहेको छ । अतः व्यक्तिगत घटनालाई नागरिकहरुको पहुँचसम्म सहज पुर्‍याउनका लागि जनचेतना अभिवृद्धि गर्ने उद्धेश्यले नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको पत्रानुसार नियमित कार्यक्रम अन्तरगत प्रत्येक स्थानीय तहहरुमा बैसाख महिनाको पहिलो हप्ता व्यक्तिगत घटना दर्ता सप्ताहको रुपमा मनाउने कार्यक्रम रही आएको छ । यस छथर गाउँपालिकामा पालिकाभर ६ वटै वडाहरुमा व्यक्तिगत घटना दर्ता सप्ताह अभियान मिति २०८२ बैसाख महिनाको पहिलो हप्ताभर सबै वडा कार्यालयहरुमा सञ्चालन हुने भएकाले व्यक्तिगत घटना आफ्नो वडा कार्यालयमा गइ दर्ता गर्नु गराउनुहुन अनुरोध छ ।

अशोक पराजुली